# तिलोत्तमा नगरपालिका कार्यालय

मणिग्राम, रुपन्देही

## बोलपत्र आव्हान वा E-bidding को सूचना

ठेक्का नं. ०९/०७२/०७३ (निर्माण)
प्रथम पटक प्रकाशित, मिति २०७३।१।३१

तिलोत्तमा नगरपालिका कार्यालयको आ.व. ०७२।०७३ को स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको निर्माण कार्य सिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपुर्वकको सिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ निर्माण व्यबसायीले व्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र संलग्न राखी तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देही तथा www.bolpatra.gov.np बाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्र सम्बन्धी कागजात ३१ सौं दिन दिनको १२:०० बजे सम्म तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देहीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देहीमा मात्र दर्ता गराउनु पर्नेछ ।

२. उल्लेखित कार्यालयहरुबाट बिक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा तिलोत्तमा नगरपालिका कार्यालयको हाताभित्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमाजिम हुनेछ ।

४. सिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देहीको नाममा कृषि बिकास बैंक भैरहवा शाखामा रहेको धरौटी खाता नं. ०४१४६०१०१४५५२०२८ (१०७४) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै बाणिज्य बैंकबाट तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देहीको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्वर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फाराम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

६. टर्नओभर, कार्यअनुभव, जनशक्ति, उपकरण एवं आर्थिक पक्षहरु बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार पेश गर्नु पर्ने छ । संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर)को हिस्सा कम्तिमा ४०% तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५% हुनु पर्नेछ ।

७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देही फोन नं. ०७१-५६२९७९, ५६२६५२, ५६०२३० मा सम्पर्क गर्न सकिनेछ ।

८. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बालपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९. म्याद नाघी आएको, रित नपुगेको र सशर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन ।

१०. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ सार्थ प्रि-विड मिटिङ मिति ०७३।२।१४ गतेका दिन तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देहीमा दिनको २:०० बजे हुनेछ ।

११. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तिलोत्तमा नगरपालिका कार्यालय, शंकरपुर, रुपन्देहीमा निहित हुनेछ ।

१२. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ .सशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

१३. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np र तिलोत्तमा नगरपालिका कार्यालय को Website:www.tilottamamun.gov.np मा समेत उपलब्ध छ ।

तपसिल

| क.सं. | बिवरण | ल.ई.रकम (मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी प्रसाद मार्ग देखि नमुना चोक सम्मको दोहोरो नाला सहित सडक कालोपत्रे, तिलोत्तमा नगरपालिका -३, रुपन्देही । | ८१,००,३०३।७१ | २,४०,०००।- | ३०००।- | बोलपत्र (e-bidding) | |

कार्यकारी अधिकृत
कार्यकारी अधिकृत